REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 HRS 26/08/2025

आईटीएस-को स्थापना,

सिक्किमको शासन प्रणाली र विकासीय ढाँचालाई सुदृढ पार्ने दिशामा महत्वपूर्ण कदम चाल्दै सिक्किम सरकारले इन्स्टिच्युट फर ट्रान्सफर्मिङ सिक्किम (आईटीएस) स्थापना गरेको छ। डेटा, प्रमाण, नवप्रवर्तन र जवाफदेहितामा ध्यान केन्द्रित गर्दै यसको प्रगतिलाई मार्गनिर्देशन गर्ने उद्देश्यले यो नयाँ संस्थान राज्यका लागि प्रमुख नीति तर्जुमा केन्द्रको रूपमा काम गर्ने छ। आईटीएसको अध्यक्षको रूपमा मुख्यमन्त्री प्रेमसिंह तामाङ, उपाध्यक्ष सी पी शर्मा र विशेषज्ञ सदस्यहरूको प्यानलका साथ संरचित एक व्यावसायिक निकाय गठन भएको छ भने नीति आयोग सरह यसले निष्पक्ष रूपमा काम गर्ने छ। यो सिक्किम जस्तो भू-परिवेष्ठित हिमालय राज्यका लागि नीति निर्माण र कार्यान्वयनका लागि सुव्यवस्थित दृष्टिकोणलाई सुनिश्चित गर्दै योजना एवम् विकास विभाग अधिनस्त काम गर्ने आईटीएस उपाध्यक्ष सिपि शर्माले बताउनुभएको छ।

आईटीएसले राज्यका नीतिहरूलाई राष्ट्रिय प्राथमिकताका साथ सहकार्य गर्दै विकसित भारतको लक्ष्य सितै आगमी दुइ दशकमा सिक्किमलाई पनि विकसित राज्यको परिधिमा पुर्‍याउने लक्ष्यका साथ काम गरिनेछ। यस संकल्पलाई आगमी दुइ दशकमा 30 हजार करोडको निवेश भित्र्याउने लक्ष्य सहित अधिक परिमार्जित, सन्तुलित र हरित विकासलाई प्रसय दिने योजना अघिबाटै राज्य सरकारले कार्यान्वयनमा ल्याइ सकेको छ। यसै सन्दर्भमा राज्य सरकारले राज्यको लगानी नीति 2024-लाई पनि अघिबाटै लागू गरिसकेको छ।

सोनाम लामा

धर्म मामिला एवं पीएचई विभागका मन्त्री सोनाम लामाले केन्द्रिय गृहमन्त्री अमित शाहलाई नयाँ दिल्लीस्थित उङाको आवासमा भेट गर्नुभयो।

यस भेटको क्रममा मन्त्री लामाले परमपावन 17औँ ग्यालवा कर्मापा उगेन थिन्ले दोर्जीको चाँड़ो भारत फिर्ती लगायत सिक्किमका लम्बित मागहरू गृहमन्त्री शाह समक्ष राख्नुभयो। यस सम्बन्धमा गृहमन्त्री शाहले आफ्नो सक्दो प्रयास गर्ने आश्वासन दिएको प्रेस विज्ञप्तिमा उल्लेख छ। गृहमन्त्रीसँग भाइब्रेन्ट भिलेज प्रोग्रामअन्तर्गत् जलापूर्ति, सिवरेज र जल संसाधन सम्बन्धित राज्य सरकारको प्रस्तावमाथि पनि छलफल भएको बताएको छ । श्री शाहले मुख्यमन्त्री पीएस गोलेको नेतृत्वमा नथुलामा वार्षिक रूपमा पालन भइरहेको विजय दिवसको सराहना गरे।

गणेश चतुर्थी

हिन्दू धर्मावलम्बीको मुख्य पर्व गणेश चतुर्थी पूजा आयोजनाका लागि गान्तोकको गणेश टक मन्दिरमा भव्य तयारी शुरु भएको छ। भोलि बुधबार गान्तोक तथा यस वरिपरिका स्थानबाट गणेश भगवानको पूजा गर्न आउने भक्तजनको सुविधा सुनिश्चित गर्न गणेश टक मन्दिर समितिका सदस्यहरूले तयारी गरिरहेका छन्। गणेश टक मन्दिरमा बुधबार बिहान छ बजेदेखि पुजा शुरु हुने मन्दिरका पुजारी दिपक न्यौपानेले जानकारी दिनुभयो। दिउँसो 12 बजे गणेश जन्म उत्सवको मुख्य समारोह आयोजना हुने साथै साँझ 5 बजेसम्म पुजा तथा हवन कार्यक्रम चलिरहेने उहाले बताउनुभयो। गणेश चतुर्थीमा पुजाका लागि आउने सबै भक्तजनका लागि पूजा पछि भण्डाराको पनि व्यवस्था मिलाइएको साथै मेडिकल अनि पार्किङ व्यवस्थापनमा पनि समितिले काम गर्ने उहाले बताउनुभयो।

हरितालिका

आज हरितालिका तीज हो। यस अवसरमा राज्यका मुख्यमन्त्री प्रेम सिंह तामाङले राज्यवासीलाई शुभकामना व्यक्त गर्नुभएको छ। आफ्नो संदेशमा मुख्यमंत्री श्री तामाङले भन्नुभएको छ तीज पर्वले सधैँ हामीलाई एकतामा बाँधिरहोस्, सांस्कृतिक मूल्यहरूलाई अझ सुदृढ बनाओस् र हाम्रो समाजलाई आपसी सद्भाव र आत्मीयताले समृद्ध बनाइरहोस् ।

## सिक्किम विश्वविद्यालय याङगाङ

शिक्षा, खेलकुद तथा युवा मामिला विभागका मन्त्री राजु बस्नेत र सिक्किम विधानसभा उपाध्यक्ष राजकुमारी थापाले सोमबार सिक्किम विश्वविद्यालय याङगाङ क्याम्पसको भ्रमण गर्नुभएको छ। यस अवसरमा विश्वविद्यालयका नव नियुक्त कुलपति प्रा. सन्तानु कुमारलाई पनि हार्दिक स्वागत गरिएको थियो।भ्रमणका क्रममा निर्माणाधीन कार्यबारे प्रस्तुति दिइएको साथै क्याम्पस र पूर्वाधार विकासको संयुक्त अनुगमन गरिएको थियो। मन्त्री बस्नेतले विश्वविद्यालयको समयमै सम्पन्नता र सुचारु सञ्चालनका लागि शिक्षा विभागले पूर्ण सहयोग गर्ने प्रतिवद्धता जनाउनुभयो। साथै गान्तोकमा अझै सञ्चालनमा रहेका विभागहरूलाई छिट्टै याङयाङ स्थानान्तरण गरिने उल्लेख गर्नुभयो। कुलपतिले व्यक्तिगत रूपमा कामलाई तीव्रता दिने, भारत सरकारको शिक्षा मन्त्रालयसँग पहल गर्ने र बाँकी सबै विभागलाई छिट्टै याङयाङ क्याम्पसमा सार्ने प्रतिवद्धता व्यक्त गर्नुभएको छ।